<u>September 16th,  2025 Tuesday</u>

आकाशवाणी हो।

प्रमुख समाचार

- राष्ट्रपति द्रौपदी मुर्मु र मरीशसका प्रधानमन्त्री नवीनचन्द्र रामगुलामबीच नयाँ दिल्लीमा भेटवार्ता
- केन्द्रीय गृहमन्त्री अमित शाहका अनुसार लागूऔषधको खतरासँग लड्न केन्द्र-राज्य समन्वयको आवश्यकता
- श्रम तथा रोजगार मन्त्रालयद्वारा एक महिनासम्म चल्ने विशेष स्वच्छता अभियानको घोषणा
- अनि आज विश्व ओजोन दिवस मनाइँदै

१. Prez – Mauritius PM

मरीशसका प्रधानमन्त्री नवीनचन्द्र रामगुलामले आज नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा राष्ट्रपति द्रौपदी मुर्मुलाई भेट्नुभयो। राष्ट्रपतिले प्रधानमन्त्री रामगुलामको विशाल नेतृत्व अनुभवका साथ, लामो समयदेखिको भारत-मरीशस द्विपक्षीय सम्बन्ध भविष्यमा अझ बलियो हुने विश्वास व्यक्त गर्नुभयो । मौरिससका प्रधानमन्त्री नवीनचन्द्र रामगुलामले आजै नयाँ दिल्लीमा कांग्रेस संसदीय दलका अध्यक्ष सोनिया गान्धी र वरिष्ठ पार्टी नेता राहुल गान्धीसँग पनि भेटघाट गर्नुभयो। उहाँको भ्रमण यस महिनाको ९ तारिखबाट सुरु भएको थियो। यस क्रममा उहाँले मुम्बई, वाराणसी, अयोध्या र तिरुपतिको भ्रमण गर्नुभयो ।

२. Seva Parva – Renewal Energy

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकार सेवा र सुशासन अर्थात् सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित छ, जसले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। "सेवा पर्व" अन्तर्गत मोदी सरकारले देशभर नवीकरणीय र स्वच्छ ऊर्जामा कसरी सकारात्मक रूपान्तरण ल्याएको छ भन्ने कुरा प्रस्तुत गर्दैछौं।

३. PM – Indian Model

प्रधानमन्त्री नरेन्द्र मोदीले सबका साथ, सबका विकास, सबका विश्वास, सबका प्रयास अब सबैको दैनिक दिनचर्याको हिस्सा बनेको उल्लेख गर्नुभएको छ। आज सामाजिक सञ्जालमा केन्द्रीय मन्त्री मनसुख मांडवियाको एउटा लेख साझा गर्दै उहाँले वर्तमान समयमा बिजुली आधारभूत अधिकार बनेको कुरा प्रकाश पार्नुभयो।

४. PM – HM - Dhami

प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहले आज उत्तराखण्डका मुख्यमन्त्री पुष्कर सिंह धामीसँग फोनमा संवाद गरी उत्तराखण्डमा अविरल वर्षाका कारण उत्पन्न अवस्थाको बारेमा सोधपुछ गर्नुभयो। मुख्यमन्त्री पुष्कर सिंह धामीले प्रधानमन्त्री र गृहमन्त्रीप्रति आभार व्यक्त गर्दै उहाँहरूको मार्गदर्शन र सहयोगले राज्यमा राहत कार्यहरू अझ द्रुत गतिमा सञ्चालन गर्न सकिने बताउनुभयो। उल्लेख्य, उत्तराखण्डका विभिन्न जिल्लाहरूमा भारी वर्षाले सामान्य जीवनलाई गम्भीर रूपमा प्रभावित गरेको  छ। मौसम विभागले आज देहरादुन, नैनीताल र चम्पावत जिल्लाहरूमा भारी वर्षाको लागि सतर्कता जारी गरेको  छ।

५. Seva Parva – International Solar Alliance

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकार सेवा र सुशासन अर्थात् सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित छ, जसले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ।

'सेवा पर्व' अन्तर्गत मोदी सरकारले अन्तर्राष्ट्रिय सौर्य गठबन्धन मार्फत भारतलाई विश्वव्यापी नेताको रूपमा कसरी स्थापित गरेको छ भन्ने कुरा प्रस्तुत गर्दैछौं........

६. Amit Shah – Drugs

केन्द्रीय गृहमन्त्री अमित शाहले आज नयाँ दिल्लीमा लागूऔषध विरोधी कार्यदलको दोस्रो राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुभयो। सम्मेलनमा ३६ राज्य र केन्द्रशासित प्रदेशका लागूऔषध विरोधी कार्यदलका प्रमुखहरू लगायत अन्य सरकारी विभागका सरोकारवालाहरू पनि सहभागी भइरहेका छन्। यस अवसरमा बोल्दै, श्री शाहले देशभरका ३७२ जिल्लामा नशामुक्त भारत अभियान हाल आयोजना भइरहेको जानकारी दिनुभयो। उहाँले दश करोड मानिस र तीन लाख शैक्षिक संस्थाहरू यस अभियानसँग जोडिएको उल्लेख गर्नुभयो।

७. Shivraj – Rabi – Campaign

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले २०२५-२६ को रबी सिजनको लागि खाद्यान्न उत्पादनको राष्ट्रिय लक्ष्य ३६२.५० मिलियन टन तोकिएको घोषणा गर्नुभएको छ। राष्ट्रिय कृषि सम्मेलन - रबी अभियान २०२५ को क्रममा राज्यका कृषि मन्त्रीहरूसँगको छलफलको अध्यक्षता गरेपछि नयाँ दिल्लीमा आयोजित पत्रकार सम्मेलनमा श्री चौहानले यो घोषणा गर्नुभयो।

८. Seva Parva – India as climate Champion

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकार सेवा र सुशासन अर्थात् सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित छ, जसले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ।

सेवा पर्व अन्तर्गत मोदी सरकारले भारतलाई विश्वव्यापी जलवायु विज्ञमा कसरी रूपान्तरण गरेको छ भनेर प्रस्तुत गर्दैछौं.....

९. Mandaviya - MOU

श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डावियाले श्रम बजार दक्षता र कामदारको कल्याणलाई प्रवर्द्धन गर्न डिजिटल नवाचारको फाइदा लिन देश तयार रहेको बताउनुभएको छ। सरकार र अन्तर्राष्ट्रिय श्रम संगठन बीचको समझौतापत्रको प्रसंगमा श्री मण्डावियाले यो सहकार्यले युवाहरूलाई विश्वव्यापी रोजगारीका अवसरहरूको फाइदा उठाउन मद्दत गर्ने बताउनुभयो।

१०. ISRO - NASA

अमेरिकाका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले भारतीय अन्तरिक्ष अनुसन्धान संगठन-इसरो र अमेरिकी अन्तरिक्ष एजेन्सी-नासा बीचको दीर्घकालीन अन्तरिक्ष साझेदारीमा जोड दिनुभएको छ। उहाँले अन्तरिक्ष क्षेत्रलाई दुई देशहरू बीचको सहयोगको एक महत्त्वपूर्ण स्तम्भको रूपमा वर्णन गर्नुभयो।

११. Special Cleanliness Campaign

श्रम तथा रोजगार मन्त्रालयले एक महिनासम्म चल्ने विशेष स्वच्छता अभियान ५.० घोषणा गरेको छ। यसको उद्देश्य संगठनका सबै तहमा सरसफाइ अभ्यासहरूलाई संस्थागत गर्नु र कामलाई थाँती राख्ने प्रवृत्तिलाई कम गर्नु हो। अर्को महिनाको २ तारिखदेखि सुरु हुने यो अभियानले उत्तरदायी

शासन, पारदर्शिता र नागरिक-प्रथम दृष्टिकोणप्रति मन्त्रालयको प्रतिबद्धतालाई सुदृढ पार्नमा केन्द्रित छ।

१२. Ozone Day

आज विश्वभर विश्व ओजोन दिवस मनाइँदैछ। यो दिन पृथ्वीमा जीवनको सुरक्षामा ओजोन तहको महत्त्वपूर्ण भूमिकाको बारेमा जागरूकता जगाउन समर्पित छ। वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले नयाँ दिल्लीमा ३१ औं विश्व ओजोन दिवस कार्यक्रममा आफ्नो भिडियो सन्देश जारी गर्दै भारतले हाइड्रोफ्लोरोकार्बनको उत्पादन र प्रयोग ६७.५ प्रतिशतले घटाउन सफल भएको बताउनुभएको छ।

१३. Sports News

भारतीय टोलीकी उपकप्तान स्मृति मन्धाना अन्तर्राष्ट्रिय क्रिकेट परिषद्-आईसीसी महिला ODI ब्याट्सम्यानको वरीयतामा शीर्ष स्थानमा छिन्।

अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः

- राष्ट्रपति द्रौपदी मुर्मु र मरीशसका प्रधानमन्त्री नवीनचन्द्र रामगुलामबीच नयाँ दिल्लीमा भेटवार्ता
- केन्द्रीय गृहमन्त्री अमित शाहका अनुसार लागूऔषधको खतरासँग लड्न केन्द्र-राज्य समन्वयको आवश्यकता

- श्रम तथा रोजगार मन्त्रालयद्वारा एक महिनासम्म चल्ने विशेष स्वच्छता अभियानको ५.० घोषणा
- अनि आज विश्व ओजोन दिवस मनाइँदै